आदरणीय विहादी वासी जनसमुदायहरु,

विक्रम सम्वत २०७२ सालको संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधान जारी भई सम्पूर्ण जनताको भावनालाई आत्मसाथ गर्ने उद्देश्यका साथ संघ, प्रदेश र स्थानिय तह गरि तीन तहको राज्य संरचनालाई मूर्त रुप दिनका लागि विक्रम सम्वत २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनमा यस विहादी गाउँपालिकाको अध्यक्ष पदमा हजुरहरुको अमुल्य मतबाट मलाई विजयी गराई सेवा गर्ने महत्वपूर्ण अवसर दिनुभयो । सो अवसर दिने सम्पूर्ण मेरा पुजनीय बुबा आमा, दाजुभाई, दिदिबहीनी, ईष्टमित्र प्रति म हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु ।

यस अवधिमा हामिले जनअपेक्षा बमोजिम समग्र विहादीको विकास निर्माण अन्तरगत सडक, भवन, सिँचाई, खानेपानी, कृषि, पशु, उद्योग, स्वास्थ्य, शिक्षा, खेलकुद, रोजगार, उद्धम विकास, विद्युत, लगायत सन्तुलित विकासको लागि एकाग्र चित्त भई कार्य गर्यौं । उपरोक्त कार्यहरुको यहाँहरुले उचित मुल्यांकन गर्नुहुनेछ भन्ने अपेक्षा राख्दछु । सेवा गर्ने सिलसिलामा विभिन्न बाधा अडचनहरु आईपर्दा हामिले त्यस्ता समस्याहरुलाई कानुनी तथा व्यवहारीक तवरबाट निराकरण गरेको कुरा अवगत गराउन चाहन्छु । जनमतको भावनालाई आत्मसाथ गर्दै हामिले कार्य गरेको तथा जनमतको उपेक्षा कहिल्यै पनि नगरेको कुरा व्यक्त गर्न चाहन्छु ।

मेरो कार्यकालमा काम गर्ने क्रममा विहादी बासि नागरिकको भावनामा असर पर्नेगरि कुनैपनी कमी कमजोरी भएको भए यहाँहरु प्रति क्षमाप्रार्थी छु । आगामि दिनहरुमा हजुरहरुको दु:ख सुखमा, समृद्ध विहादी र सुखि विहादी वासी बनाउने अभियानमा मेरो सदैव साथ र सहयोग रही रहने छ भन्ने विश्वास दिलाउन चाहन्छु ।

साथै भर्खर सम्पन्न भएको स्थानीय तह सदस्य निर्वाचनमा विजयी हुनुहुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, लगायत सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु प्रति हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना दिन चाहन्छु । यस निर्वाचनमा सफलता प्राप्त गर्न असमर्थ सम्पूर्ण उपविजेता उम्मेदवार ज्यूहरु प्रति सहानुभूति प्रकट गर्दछु । साथै राजनैतिक तथा सामाजिक जीवन पूर्ण सफल होस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा म लगायत विहादी गाउँपालिकामा निर्वाचित सम्पूर्ण जनप्रतिनिधिज्यूहरुले गर्न खोजेको सम्पूर्ण सकारात्मक कामलाई सफल पार्नको लागि महत्वपुर्ण सहयोग गर्ने संघीय सरकार, गण्डकी प्रदेश सरकार, जिल्ला समन्वय समिति पर्वत, विहादी गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राजनैतिक दलका नेता, कार्यकर्ता तथा सुभेच्छुकज्यूहरु, राष्ट्रसेवक कर्मचारी, शिक्षक तथा विद्यार्थी, सरकारी तथा गैरसरकारी संघ संस्थाहरु, संचारकर्मी, पत्रकार तथा सुरक्षाकर्मी र सरोकारवालाहरु प्रति म धन्यवाद प्रकट गर्न चाहन्छु ।

मिति : २०७९।०२।०५

कमल प्रसाद भुसाल
अध्यक्ष
विहादी गाउँपालिका, पर्वत